'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

पत्र संख्याः २०७७/०७८, च.नं. : के.क.प्र.शा. १४५२

मितिः २०७८/०१/१२

श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।
श्री उत्पादन निर्देशनालय।
श्री प्रशारण निर्देशनालय।
श्री ईन्जिनियरिङ्ग सेवा निर्देशनालय।
श्री प्रशासन निर्देशनालय।
श्री अर्थ निर्देशनालय।
श्री योजना, अनुगमन तथा सूचना प्रविधि निर्देशनालय।
श्री आयोजना व्यवस्थापन निर्देशनालय।
श्री ने.वि.प्रा.सहायक कम्पनी अनुगमन निर्देशनालय।
श्री कार्यकारी निर्देशकको सचिवालय।
श्री आन्तरिक लेखा परीक्षण विभाग।
श्री ईनर्जि ईफिसियन्सी तथा चुहावट नियन्त्रण विभाग।

विषयः परिपत्र।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नोबल कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको जोखिम पुनः बढ्दै गएको सन्दर्भमा नेपाल विद्युत प्राधिकरणका कर्मचारी, ग्राहक तथा सरोकारवालाहरुलाई समेत उक्त भाइरसको संक्रमणबाट बच्नको लागि तपशिल अनुसारको सतर्कता अपनाउनुका साथै रोकथाम तथा सुरक्षाको लागि नेपाल सरकार वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुले जारी गर्ने सुरक्षा र रोकथाम सम्बन्धी निर्देशनहरू समेत अनिवार्य रुपमा पालना गर्नु गराउनु हुन जानकारी गराईन्छ।

तपशिलः

तपशिलः

(१) बढी जनसम्पर्क हुने कार्यमा खटिने कर्मचारीहरुले विशेष सुरक्षा तथा सतर्कता अपनाई कार्य गर्ने/ जनसम्पर्क गर्ने स्थान र कर्मचारी यकिन गरी एकद्वार प्रणाली मार्फत ग्राहक एवं अन्य सरोकारवाला पक्षसँग सम्पर्क गर्ने व्यवस्था गरी कार्यालयको नियमित कार्य सम्पादन गर्ने।

(२) सार्वजनिक स्थल र बढी भिडभाड हुने स्थलमा जाँदा मास्क प्रयोग गर्ने।

(३) समय समयमा साबुन पानीले हात धुने वा स्यानिटाईजर प्रयोग गर्ने र विद्युतिय हाजिरी मेशिन नजिक स्यानिटाईजर राख्ने व्यवस्था गर्ने।

(४) उच्च ज्वरो, रुघाखोकी जस्ता लक्षण देखिएमा चिकित्सकसँग चेकजाँच गराई चिकित्सकको परामर्श बमोजिम आफ्नै निवासमा आराम गर्ने।

(५) विद्युत उपयोगको माग बढ्न सक्ने देखिएकोले विद्युत आपूर्तिलाई नियमित भरपर्दो, गुणस्तरीय र सुरक्षित बनाउने व्यवस्था मिलाउने।

(६) विद्युत महशुल भुक्तानी गर्दा ग्राहकलाई विद्युतीय भुक्तानी (Online Payment) मार्फत भुक्तानी गर्न प्रोत्साहन गर्ने।

(७) कार्यालयमा हुने छलफल, बैठक आदिमा विशेष सावधानी अपनाउने र अत्यावश्यक अवस्थामा वाहेक छलफल, बैठक आदीको आयोजना नगर्ने।

प्रधान कार्यालयः दरबारमार्ग, काठमाडौं

प्रशासन निर्देशनालय
प्रमुख ☎ ०१-४१५३०११ (आ.१२०५)
पि.ए. ☎ ०१-४१५३०१० (आ.१२०६)
इमेलः administration@nea.org.np

जनसाधन विभाग
प्रमुख ☎ ०१-४१५३००३ (आ.१२०७)
पि.ए. ☎ ०१-४१५३००२ (आ.१२०८)
इमेलः hrd@nea.org.np

कर्मचारी प्रशासन महाशाखा
प्रमुख ☎ ०१-४१५३००१ (आ.१००१)
पि.ए. ☎ (आ.१००२)
इमेलः admindiv@nea.org.np

केन्द्रीय कर्मचारी प्रशासन शाखा
प्रमुख ☎ ०१-४१५३००६ (आ.१००७)
पि.ए. ☎ (आ.१००२)
इमेलः centraladmin@nea.org.np

कम्प्युटर कक्षः ☎ ०१-४१५३०००, (आन्तरिक १००६), फ्याक्स ०१-४१५०००५

पत्र संख्याः २०७७/०७८, च.नं. :

(८) भार प्रेषण केन्द्र, उत्पादन केन्द्र, वितरण केन्द्र र ग्रीड सबस्टेशनका कार्यालय प्रमुखले शिफ्ट ड्यूटी, नो लाइट, मिटर सिकायत र मर्मत सम्भारमा आवश्यकतानुसारका कर्मचारीहरुलाई खटाउने र त्यस्ता कर्मचारीले पूर्व जानकारी गरिएका स्वास्थ्य सम्बन्धी सूचनाको पालना गरी ड्यूटीमा खटिने। सम्बन्धित कार्यालय प्रमुखहरुले स्थानीय प्रशासनसँग सम्पर्क र समन्वय गरी सेवा सुचारु गर्न गराउन आवश्यक व्यवस्था मिलाउने। सो को Reporting आफ्नो तालुक कार्यालयलाई नियमतरुपमा गर्ने।

(९) कार्यालय प्रमुखले शिफ्ट ड्युटी, नो लाइट, मिटर सिकायत र मर्मत सम्भारमा खटाइने कर्मचारीहरुको बैकल्पिक ब्यवस्था सहितको अलगै सूची (Roster) बनाई तदनुरुप ड्यूटीमा खटाउने। कार्यालय परिसरमा बाह्य व्यक्तिको प्रवेश निषेध गर्ने।

(१०) कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) ले संबेदनशिल भनि घोषणा गरेका जिल्लाहरुमा मात्र हाललाई कार्यालयको नियमित काममा बाधा नपर्ने गरी कम्तीमा पचास प्रतिशत कर्मचारीहरुलाई आलोपालो समय मिलाई उपरोक्त समय भित्र कार्यालयमा उपस्थिति जनीने गरी कम्तिमा एकपटक हाजिरी गर्ने/गराउने व्यबस्था मिलाउने।

(११) मिति २०७८/०१/१३ गते देखि प्रधान कार्यालय परिसरमा रहेका सबै निर्देशनालय तथा विभागहरुले अति आवश्यक भई श्री कार्यकारी निर्देशकबाट नै पूर्व स्वीकृती लिई कार्यसम्पादन गर्नुपर्ने अबस्थामा बाहेक बिहान १०:०० बजे देखि र साँझ ५:०० बजे भित्र मात्र कार्यसम्पादन गर्ने/गराउने व्यवस्था मिलाउने।

(१२) कोभिड १९ को संक्रमणको जोखिम कम गर्न जनस्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड पालना गरी कार्यालय सञ्चालन गर्ने।

(१३) कोभिड-१९ को संक्रमणका कारण क्वारेन्टीन वा आइसोलेसनमा बसी वा अस्पताल भर्ना भई कार्यालयमा उपस्थित हुन नसकेका कर्मचारीहरुका हकमा सम्बन्धित कार्यालय प्रमुखले क्वारेन्टीन वा आइसोलेसनमा बसेको वा अस्पतालमा भर्ना भएको ब्यहोरा प्रमाणित गरी बढीमा चौध दिन र अस्पताल भर्ना भई उपचार भएका कर्मचारीहरुलाई अस्पतालमा उपचार गराउँदाको अवधिभर सार्वजनिक विदा कायम गर्ने।

(१४) कोभिड-१९ संक्रमणबाट भविष्यमा आउनसक्ने परिस्थितिको सामना गर्न सम्भंव भएसम्मका पूर्व तयारीका साथै अन्य आवश्यक काम कारबाही गर्ने, गराउने र स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने, गराउने।

नेपाल विद्युत प्राधिकरण स्थापित २०४२ NEPAL ELECTRICITY AUTHORITY ESTD. 1985

.......................................
(हितेन्द्रदेव शाक्य)
कार्यकारी निर्देशक



**प्रशासन निर्देशनालय**
प्रमुख ☎ ०१-४१५३०११ (आ.१२०५)
पि.ए. ☎ ०१-४१५३०१० (आ.१२०६)
इमेल: administration@nea.org.np

**जनसाधन विभाग**
प्रमुख ☎ ०१-४१५३००३ (आ.१२०७)
पि.ए. ☎ ०१-४१५३००२ (आ.१२०८)
इमेल: hrd@nea.org.np

**कर्मचारी प्रशासन महाशाखा**
प्रमुख ☎ ०१-४१५३००१ (आ.१००१)
पि.ए. ☎ (आ.१००२)
इमेल: admindiv@nea.org.np

**केन्द्रीय कर्मचारी प्रशासन शाखा**
प्रमुख ☎ ०१-४१५३००६ (आ.१००७)
पि.ए. ☎ (आ.१००२)
इमेल: centraladmin@nea.org.np

कम्प्युटर कक्षः ☎ ०१-४१५३०००, (आन्तरिक १००६), फ्याक्स ०१-४१५०००५